# साना सिंचाई कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावनाः** सिंचाई संरचनाहरुको निर्माण, मर्मत सम्भार तथा आधुनिक सिंचाई प्रविधिहरुको प्रयोग र विस्तार गरी खेती योग्य जग्गामा सिँचाईको सुविधा सुनिश्चित गर्न तथा सिंचित क्षेत्रको विस्तार गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि साना सिंचाई कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) साना सिंचाई कार्यक्रम अन्तर्गत कुलो, सिमेन्ट पोखरी, प्लाष्टिक पोखरी, टयाङ्की, वोरिङ्ग, पाईप विस्तार, लिफ्टिङ्ग, ईनार, साना बाँध आदिको निर्माण/मर्मत सम्भार र आधुनिक सिंचाई प्रविधि पर्दछन्।

(ख) प्रत्येक साना सिंचाई कार्यक्रमबाट पहाडमा कम्तीमा १० रोपनी र तराईमा कम्तीमा ३० कठ्ठा जमिन सिंचित भएको हुनुपर्नेछ।

(ग) कार्यक्रम संचालनको लागि सम्बन्धित विषयमा तालिम प्राप्त कृषि प्राविधिक समेतले लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्न सक्नेछन्।

(घ) यो कार्यक्रममा कृषिसँग सम्बन्धित समूह, सहकारी संस्था वा आधिकारिक रुपमा दर्ता भएका जल उपभोक्ता समितिहरुमात्र सहभागी हुन सक्नेछन्।

(ङ) यो कार्यक्रम संचालन गर्दा निर्माण कार्य अनुदानग्राही आफैंले गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

स्वीकृत बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। प्रति अनुदानग्राही अनुदानको अधिकतम सीमा रु. ५ लाख हुनेछ।

(क) कुलो, सिमेन्ट पोखरी, प्लाष्टिक पोखरी, टयाङ्की, वोरिङ्ग, पाईप विस्तार, लिफ्टिङ्ग, ईनार, साना बाँध आदिको निर्माण/मर्मत सम्भार

(ख) थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई जस्ता आधुनिक सिंचाई प्रविधिको प्रयोग

## ३. प्रस्ताव मूल्याङ्कनका आधार

| क्र. सं. | मूल्याङ्कनका आधार | अंक |
|---|---|---|
| **१.** | **सिंचाईका लागि पानीको स्रोत सुनिश्चितता** | **१०** |
| क | बाह्रै महिना सिंचाईका लागि पानीको स्थायी स्रोत भएको | १० |
| ख | मौसमी (६ महिना भन्दा कम) सिंचाईको लागि मात्र पानीको स्रोत भएको | ५ |
| **२.** | **सिंचित हुने क्षेत्रफल** | **३०** |

| | | |
|---|---|---|
| क | पहाडमा १० रोपनी र तराईमा ३० कठ्ठा क्षेत्रफल सिंचित हुने भएमा १५ अंक र थप क्षेत्रफलका लागि प्रति रोपनी/कठ्ठा ०.५ अंकका दरले क्रमसः पहाड र तराईमा थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने | ३० |
| **३.** | **लाभान्वित घरधुरी संख्या** | २० |
| क | २५ भन्दा बढी घरधुरी | २० |
| ख | १५ देखि २५ घरधुरी | १५ |
| ग | १५ भन्दा कम घरधुरी | १० |
| **४.** | **निर्माण हुने सिंचाई संरचनाको स्थिति** | २० |
| क | सिंचाईको सुविधा नभएको जग्गामा नयाँ सिंचाई संरचना निर्माण | २० |
| ख | बाढी/पहिरो/डुवान जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित सिंचाई संरचना | १५ |
| ग | पुरानो सिंचाई संरचनाको मर्मत सम्भार | १० |
| **५.** | **बाली सघनतामा बृद्धि** | २० |
| क | १०० प्रतिशत भन्दा बढी | २० |
| ख | ५० देखि १०० प्रतिशत सम्म | १५ |
| ग | ५० प्रतिशत भन्दा कम | १० |
| | **जम्मा** | १०० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी/जल उपभोक्ता समितिको बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि।

५. **प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**ख. सिंचाई संरचना सम्बन्धी विवरण**

| क.सं. | सिंचाई संरचनाबाट लाभान्वित हुने कृषकहरुको नाम | कार्यक्रम संचालनपछि सिँचित हुने जग्गाको क्षेत्रफल | सो जग्गामा हालको बाली प्रणाली | सिंचाई संरचना निर्माण पछि हुने बाली प्रणाली | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. प्रस्तावित सिंचाई संरचनाको किसिमः** (नयाँ सिँचाई संरचना वा पुरानो संरचनाको मर्मत के हो खुलाउने)

(घ) **सिंचाईका लागि पानीको श्रोतः**

(ङ) **पानीको श्रोतको किसिमः** (बाहै महिना सिंचाई गर्न सक्ने वा मौसमी सिंचाईको श्रोत के हो उल्लेख गर्ने)

(च) **प्राकृतिक प्रकोपबाट प्रभावित सिंचाई संरचना भए/ नभएको उल्लेख गर्नेः**

(छ) पानीको श्रोतको नजिकमा रहेको अन्य सिंचाई संरचनाः

| माथि तिर | | | तल तिर | | |
|---|---|---|---|---|---|
| मुहान देखिको दुरी (कि.मि.) | सिंचित क्षेत्रफल | घरधुरी (संख्या) | मुहान देखिको दुरी (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | घरधुरी (संख्या) |
| | | | | | |

(ज) संचालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(झ) माग गरेको जम्मा अनुदान रकमः

(ञ) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्।